सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ९४ ♦ २०८१ साल कार्तिक २८ गते बुधवार ♦ 13 Nov 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# धनुषामा तस्करबाट पैसा उठाउँछन् सशस्त्र र नेपाल प्रहरी

**आदित्य नेपाल**
**कार्तिक २७ गते, बर्दिवास**

धनुषास्थित दुहबी सीमा नाका। नाकैमा सशस्त्र प्रहरीको सेन्ट्री। नजिकै सशस्त्रको सीमा चौकी (बोर्डर आउट पोस्ट- बीओपी)। नाकाबाट आउजाउ गर्नेमाथि प्रहरीबाट २४ घण्टा नै निगरानी। शान्त र सुरक्षित वातावरण।

विदेह नगरपालिकामा पर्ने दुहबी गाउँस्थित सीमा नाकामा सशस्त्र र नेपाल प्रहरी दुवैको पोष्ट छ। सशस्त्र प्रहरी नायब निरीक्षक (सई)को नेतृत्वमा यहाँ एउटा टोली छ। नजिकै सशस्त्रको बीओपी छ। बीओपीको नेतृत्व प्रहरी नायब उपरीक्षक (डीएसपी)ले गर्छन्। यो नाकाबाट सशस्त्र प्रहरीलाई छलेर अवैध मालसामान भित्र्याउन सम्भव देखिँदैन। तर यही असम्भव लाग्ने काम दुहबी नाकामा भइरहेको छ।



व्यापारी राजीव महासेठ (बायाँ इन्सेटमा), नेपाल प्रहरीका एसपी भुवनेश्वर तिवारी र सशस्त्रका एसपी दर्शन गिरी (दायाँतर्फ क्रमशः)।

सशस्त्र र नेपाल प्रहरीकै संरक्षणमा तस्करहरूले यो नाका तस्करीका लागि प्रयोग गर्ने गरेका छन्। यहाँबाट हरेक दिन मालसामान तस्करी हुन्छ र त्यसको संरक्षण प्रहरीले नै गर्छन्। उकालोलाई प्राप्त भिडियोमा पनि दुहबी नाकामा सशस्त्र प्रहरीले पैसा उठाइरहेको प्रष्ट देखिन्छ। दुई साताअघि ड्युटीमा खटिएका हवल्दार सन्तोष थापाले मालसामान बोकेर आइरहेको मोटरसाइकल चालकसँग पैसा लिइरहेको दृश्य भिडियोमा कैद छ। "यस्तो दृश्य यहाँ बग्रेल्ती देखिन्छ। नाकाभित्र आउने गाडीको त शुल्क नै तोकिएको छ। यो कुरा सम्बन्धित निकायलाई थाहा नभएको होइन तर उनीहरूकै इसारामा यस्तो धन्दा चलिरहेको छ," भिडियो उपलब्ध गराएका स्थानीय भन्छन्, "साइकलमा माल ल्याउनेका लागि ५० रूपैयाँ, मोटरसाइकलको लागि १०० रूपैयाँ र मिनी पिकअपका लागि ४०० रूपैयाँ तोकिएको छ।"

यो रकम ड्युटीमा खटिएका प्रहरीले आफ्नै खल्तीमा राख्छन्। बाँकी रकम सादा पोसाकका प्रहरीले मासिक रूपमा एक-एक बलेकिया (तस्कर)सँग असुल्ने गरेको स्थानीय व्यापारी भग्लु महतो बताउँछन्। केही महिनादेखि दुहबीका राजीव महासेठबाहेक कसैको सामान नेपाल नभित्रिएको महतोको दाबी छ। उनका अनुसार महासेठले आफ्नो सामान मात्रै ठूलो संख्यामा प्रवेश गराइरहेका छन्। "धेरैलाई लाग्छ होला धनुषाको अन्य नाकाबाट बढी तस्करी हुन्छ। तर म दाबाको साथ भन्न सक्छु धनुषामै यो नाकाबाट जति तस्करी हुन्छ त्यो कहीँबाट हुँदैन," उनी भन्छन्, "यसमा पनि अधिकांश राजीव महासेठको माल हुन्छ। उनी प्रहरीसँग मिलेर कसैको सामान नै भित्रिन दिँदैनन्।"

## प्रहरीसँगको नेक्सस्

तस्करी नियन्त्रणका लागि विदेह नगरपालिका महिनाथपुरमा बीओपी स्थापना गरिएको छ। सशस्त्रको बीओपीले तस्करी नियन्त्रण नगरी उल्टै तस्करसँग मोटो रकम असुल्ने खेलमा लागेको स्थानीयको आरोप छ। दुहबी नाकाबाट खासगरी कपडा र किराना सामग्री तस्करी हुँदै आएको छ। दैनिक २०० भन्दा बढी मोटरसाइकल, सयौँ साइकल र पाँचदेखि १० वटा पिकअपमा तस्करी हुनेगरेको स्थानीय व्यापारी अशोक साह बताउँछन्।

"उताबाट आएका सामान महेन्द्रनगर, जनकपुरधाम, ढल्केबर र वीरेन्द्रबजारसम्म पुग्छ। यताबाट डाबरका प्रोडक्टहरू त तस्करी हुन्छ नै, रक्सी र गाँजा पनि जान्छ," साह भन्छन्, "यो सबै धन्दा राजीव महासेठले चलाउँछन्। अन्यको बसको बात नै हैन। प्रहरीसँग उनको कनेक्सन यति खतरा छ की उनको सामानका लागि जिल्लाका एसपीहरू २४ घन्टा आफैँ सक्रिय रहन्छन्।"

एक बलेकियाका अनुसार महासेठले मात्रै नेपाल प्रहरी र सशस्त्रका एसपीलाई मासिक ३ लाख रुपैयाँ जति बुझाउँछन्। पैसा उठाएर सशस्त्रका एसपीसम्म पुर्‍याउने काम सादा पोसाकका सशस्त्र हवल्दार ईश्वर खत्रीले गर्छन्। यो काम नेपाल प्रहरीमा सहायक हवल्दार नरेश गुप्ता र जवान विपीन गुप्ताले गर्छन्।

एसपीका लागि मात्र नभएर मधेश प्रदेशका डीआईजीको भाग पनि उठाइने गरिएको ती बलेकियाको दाबी छ। "हामीले ल्याउने सामानको मात्रा थोरै हुन्छ। हामी सधैँ प्रहरीलाई पैसा दिन सक्दैनौँ। पैसा नदिएको झोँकमा यिनीहरूले हाम्रो सामान जफत गरेर जिल्लामा थन्काइदिन्छन् र राजस्व तिर्न लगाउँछन्," उनी भन्छन्, "तर राजीव जस्ताहरूलाई खुल्मखुल्ला माल भित्र्याउन दिन्छन्। लाग्छ यहाँको प्रशासनलाई नेपाल सरकारले नभई राजीव महासेठले पालेको छ।"

महिनाथपुर बीओपी सशस्त्र प्रहरी बलका प्रहरी नायब उपरीक्षक शंकरदत्त तिवारी दुहबीबाट तस्करी भइरहेको कुरा सत्य नभएको दाबी गर्छन्। बरू आफू आएयता करिब १० लाख रुपैयाँ बराबरको अवैध सामान पक्राउ गरेको उनको दाबी छ।

"म यहाँ आएको धेरै भएको छैन। यहाँबाट अहिले तस्करी गर्न दिएका छैनौँ। पहिला अलिअलि हुन्थ्यो भनेर सुन्या थिएँ," तिवारी भन्छन्, "यहाँबाट अलिअलि तस्करी हुने तरकारी हो, बाँकी त केही फेला पारेका छैनौँ। तपाईंले प्राप्त गरेको भिडियोमा पनि तरकारी भएको हुनुपर्छ।"

यो नाकाबाट कपडा र रक्सी तस्करी भइरहेको कुरा सत्य नभएको तिवारीको दाबी छ। तर आफूले बरामद गरेको १० लाख जतिको अवैध मालसामानमा रक्सी पनि रहेको उनले स्वीकार गरे।

धनुषा सशस्त्र प्रहरी बलका एसपी दर्शन गिरी पनि दुहबी नाकामा अन्य नाकाभन्दा कडाइ गरिएको दाबी गर्छन्। दुहबीमा मात्रै नभई धनुषाका कुनै पनि नाकामा सशस्त्र प्रहरीले अवैध मालसमान भित्रिन नदिएको उनको दाबी छ। "यहाँ कस्तो कडाइ गरेका छौँ, कहाँ तस्करी गर्न सकिन्छ यहाँबाट? तस्करीको मामलामा जिरो टोलेरेन्सको नीति अपनाएका हौँ," गिरी भन्छन्, "बरू सूचना भए हामीलाई दिनुस्, कारबाही गरिहाल्छौँ नि! यत्रो केटाहरू खटिरहेको छ, तस्करी भएको सूचना बिल्कुलै गलत छ।"


उकालोसँग भिडियो नै भएको

*बाँकी पृष्ठ २ मा*

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिस्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# धनुषामा तस्करबाट पैसा उठाउँछन् ...........

जानकारी गराउँदा एसपी गिरीले भने, “भिडियो छ भन्दैमा बार्गेनिङ नगर्नुस्। त्यस्तो कहाँ हुन्छ यहाँ? भिडियो यहीँको हो भन्ने के ग्यारेन्टी छ? जहाँको पनि हुनसक्छ। बरू यहाँ आएको बेला हाम्रो गणमा आउनुस्। यहीँ बस्दा हुन्छ। केके व्यवस्था गर्नुपर्छ गरौँला।”

नेपाल प्रहरीका एसपी भूवनेश्वर तिवारीले भने तस्करी पूरै ठप्प नभएको बताए। तस्करी भारी संख्यामा नभई न्यून मात्रामा भइरहेको उनको भनाइ छ। “अलिअलि त भइहाल्छ नि! तर पनि म आएदेखि यहाँ अवैध मालसामान धेरै नै पक्राउ गरेका छौँ,” तिवारी भन्छन्, “सादा पोसाकको प्रहरीले पैसा उठाइरहेको कुरा सरासर झूटो हो।”

राजीव महासेठलाई आफूले नचिन्ने र सम्बन्ध पनि नभएको उनको दाबी छ। ‘तपाईंसँग सिधै टच छ रे नि’ भन्ने प्रश्नमा तिवारीले भने, “तस्करै त होला नि! मसँग त्यस्तो कुनै सम्बन्ध छैन। म चिन्दा पनि चन्दिनँ।”

## को हुन् राजीव महासेठ?

राजीव महासेठको खास घर दुहबी हो, तर नेपालको होइन भारतको। सीमावारि पनि दुहबी गाउँ छ र पारिलाई पनि दुहबी नै भनिन्छ। स्थानीयका अनुसार उनकी आमा धेरै अगाडिबाट सीमापारी किराना पसल गर्दै आएकी छन्। तस्करीमा उनीभन्दा उनकी आमा अगाडि रहेको दुहबीका स्थानीयको भनाइ छ। राजीवकी आमालाई स्थानीय ‘चाची’को नामले चिन्छन्। प्रहरीले पनि उनलाई चाची नै भन्छन्।

“तस्करीको दुनियाँमा चाची जति चर्चित छिन्, त्यति त अहिलेसम्म यहाँ कोही छैन। उनको नामै लिँदा पनि प्रहरीले कुनै पनि मालबाहक गाडी छोडिदिन्छ,” एक स्थानीय भन्छन्, “अहिले कपडा र दारूको तस्करी उनको छोराले हेर्दै आएको छ। चाची किराना आइटम हेर्छिन्। धनुषाका तस्करहरूको नामावली तयार पार्ने हो भने राजीवको नाम एक नम्बरमा आउँछ।”

महासेठले अहिले सीमा वारि पारि दुवैतिर घर बनाएका छन्। तर दुवै घरमा मान्छे बस्नेभन्दा गोदाम कोठाको संख्या धेरै छ। महासेठले जनकपुरस्थित देवीचोकमा पनि महल ठड्याएका छन्।

दुहबीका रोशन झाका अनुसार महासेठको दबदबा बिहारमा रक्सी प्रतिबन्ध भएपछि बढेको हो। त्यसअघि उनी आमासँगै किरानाका सामानहरू अवैध तरिकाबाट नेपाल भित्र्याउने गर्थे। “रक्सीले नै उसको आफ्नो पहिचान बनाइदियो। किराना र कपडाहरू उसले बाइकबाट ओसारपसार गर्छ। उनको मातहतमा १०० देखि १५० वटा बाइक छन्,” रोशन भन्छन्, “पिकअपमा नेपालबाट दारू सप्लाई गर्छ। दारूको लाइन रातिको समयमा चल्छ।”

नेपाल प्रहरी तथा सशस्त्र प्रहरीले उनको अवैध कारोबारमा सघाइरहेको स्थानीय रोशन झाको आरोप छ। कैयनपटक महासेठको घरमा देखाउनकै लागि मात्र प्रहरीले छापा मारेको तर उनी कहिल्यै गिरफ्तार नभएको रोशन बताउँछन्।

महासेठ भने आफू तस्करीमा संलग्न नरहेको दाबी गर्छन्। आफूले ‘राजीव इन्टरप्राइजेज’ नाममा थोकमा किराना सामान बेचिरहेको उनको दाबी छ। “मेरो किराना आइटम र रक्सीको कारोबार छ। मेरो पसलमा दुवै देशका नागरिक सामान खरिद गर्न आउँछन्। मैले गर्ने भनेको यत्ति हो, बाँकी कुनै धन्दा छैन,” महासेठ भन्छन्, “पहिला ट्रेन चल्दाखेरि मेरो कपडाको कारोबार थियो, अहिले छैन। बाँकी यहीँको पसलहरूमा मकहाँबाट रक्सी जान्छ। म कुनै तस्करीमा संलग्न छैन।”

आफू दुहबी नबस्ने हुँदा यहाँको नाकाबाट तस्करी हुने वा नहुने आफूलाई जानकारी नभएको महासेठको भनाइ छ। आफू काठमाडौँ बस्ने र उतैबाट अन्य कामहरू हेर्ने गरेको उनी बताउँछन्।



दुहबीस्थित नेपाल-भारत सीमा नाका। यहाँ ’नो म्यान्सल्यान्ड’मा पनि घरहरू छन्।

## चार वर्षअघि भएको छापामारी

जिल्ला प्रहरी कार्यालय धनुषाका तत्कालीन डीएसपी मकेन्द्र मिश्रको कमान्डमा ११ जना प्रहरीको टोलीले २०७७ भदौ १२ गते महासेठको घरमा छापा मारेको थियो। अवैध सामान मिनी ट्रकमा ल्याएर उनले गोदाममा भण्डारण गरेको सुराकीका आधारमा प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय धनुषाको संयुक्त टोली छापा मार्न पुगेको थियो। तर उनको घरबाट सामान बरामद भएन।

पछि उनको छिमेकको घरमा छापा मार्न लाग्दा भारततर्फको गाउँबाट ढुंगामुढा शुरू भएको थियो। त्यहाँ प्रहरीले एक राउन्ड हवाई फायर पनि गरेको थियो। स्थिति नियन्त्रणमा नआएपछि प्रहरी त्यहाँबाट पछि हटेको थियो। त्यति बेला डीएसपी मिश्रले भारततर्फका एसएसबीहरूको भूमिका शंकास्पद रहेको र उनीहरूले नै पारिबाट ढुंगामुढा गराएको आशंका गरेका थिए।

त्यसको ठीक एक वर्षअघि २०७६ भदौ २८ गते पनि भन्सारका कर्मचारीहरू महासेठको घरमा जाँदा ढुंगामुढा भएको थियो। त्योबेला भन्सारका कर्मचारीहरू नीरबहादुर कटुवाल, मोहन थापा, रामबहादुर कापर, अमर प्रधान क्षेत्री घाइते भएका थिए। भन्सार कार्यालयका प्रमुख रामेश्वरकुमार मिश्रले कर्मचारी माथि भएको आक्रमणको घटनाका सन्दर्भमा मेडिकल रिपोर्ट र मुचुल्का उठाएर छानबिन गरी दोषीलाई कारवाही गर्न मौखिक तथा लिखित रूपमा नै जिल्ला प्रहरी कार्यालय धनुषालाई पत्र लेखेका थिए। तर महासेठमाथि कुनै कारवाही भएन।

महासेठलाई कुनै प्रकारको राजनीतिक संरक्षण नभए पनि प्रहरी प्रशासनको संरक्षण राम्रै भएको अर्का स्थानीय शैलेन्द्र यादव बताउँछन्। “अहिले कताकता कोको नेताहरूको पनि साथ रहेको सुनिरहेको छु। तर खासमा उसको पकड प्रहरी प्रशासनमै बलियो छ,” शैलेन्द्र भन्छन्, “उसको प्रहरीसँगको कनेक्सन जिल्लामा मात्रै नभई केन्द्रसम्मै छ। अहिले उसको कनेक्सन मधेश प्रदेशको डीआईजीसँग पनि राम्रै भएको सुनिन्छ।”

**-उकालो डटकमबाट**

## भाग्य चक्र

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

**वृष-** व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन-**आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। सचेत एवं सावधान रहनु होला।

**धनु** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन।

**मकर** -समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**कुम्भ-** अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# रामगोपालपुर-२ मा एमालेले छलांग मार्ने दावी

**खबर दर्पण समाचारदाता**

**कार्तिक २७ गते, बर्दिवास**

महोत्तरीको रामगोपालपुर नगर पालिका-२ को वडाध्यक्ष पदमा हुन गइरहेको उपनिर्वाचनमा नेकपा (एमाले)ले छलांग मार्ने दावी गरेको छ। स्थानीयसमेत रहेका एमालेका केन्द्रीय सदस्य तथा मधेश प्रदेश भौतिक पूर्वाधार मन्त्री सरोज यादवले गत निर्वाचनमा सो वडामा चौथो रहेको पार्टीलाई पहिलो बनाएर छलाङ्ग मार्ने दावी गरेका हुन्। रामगोपालपुर -२ मा गत शनिवार भएको कार्यकर्ता भेला तथा घरदैलो कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री यादवले मंसिर १५ गते हुने उपनिर्वाचनमा सो वडामा एमालेले जित निकाल्ने दावी गरे। उनले भने 'जनमतको आधारमा देशको पहिलो, प्रदेशको पहिलो र रामगोपालपुर नगरपालिकाको पनि पहिलो पार्टी भएको एमाले वडामा दोश्रो हुनै सक्दैन।' बाक्सामा भोट खसाएर निर्वाचन अधिकारीले गनर आधिकारिक घोषणा गर्न पर्ने प्रकृया भएकाले मंसिर १५ कुर्नु परेको बताए। उनले भने 'होइन भने यही उपस्थितिले हामी एक नम्बर भइसकेका छौं। अब प्रकृया पुर्‍याउन बाँकी छ।'

सो वडामा २०७९ को निर्वाचनमा माओवादीका मुकेश यादवले जितेका थिए। दुई महिनाअघि मोटरसाइकल दुर्घटनामा उनको मृत्यु भएपछि उपनिर्वाचन हुन लागेको हो। १५ वटा पालिका रहेको महोत्तरी जिल्लामा रामगोपालुर नगरपालिका मात्र एमालेले प्रमुख, उपप्रमुखसहित बहुमत वडा जितेको पालिका हो। वडा २ मा भने पार्टीको आन्तरिक कारणले चौथो स्थानमा रहेको मन्त्री यादव बताउँछन्। तीन वटा टोल रहेको सो वडामा



टेङ्गर, मोहनपुर प्रमुख छन्। टेङ्गर दुई वटा टोलमा विभाजित छ। एउटामा यादवहरूको बाहुल्यता छ। माओवादी उम्मेदवार र एमाले नेता सरोज एउटै टोलका वासिन्दा हुन्। टङ्गरकै अर्को टोलमा दास(तत्मा) र महतो (कोइरी) को छ्यासमिस बसोवास छ। माओवादीका नेता अरविन्द दास सोही टोलका वासिन्दा हुन्। मोहनपुर भने मुस्लिम बस्ती हो। एमाले र कांग्रेस उम्मेदवार यहींका बासिन्दा हुन्।

गत निर्वाचनमा मुकेश यादव ४३३ मत पाएर विजयी भएका थिए। उनका प्रतिस्पर्धीहरू कांग्रेसका मोहोम्मद जनिफ खाँले ३७५ र जसपा नेपालका सकिबुल खाँले ३४२ मत पाएका थिए। एमालेका उम्मेदवारले २७५ मत प्राप्त गरेका थिए। अहिले परिस्थिति उल्टीएको छ। सो निर्वाचनपछि जसपाका सकिबुल खाँन एमाले प्रवेश गरेका छन्। एमालेका तत्कालिन उम्मेदवारले नै सकिबुललाई उपनिर्वाचनमा वडाध्यक्षको प्रस्ताव गरेको एमालेले जनाएको छ। अहिले तेश्रो भएका सकिबुल खाँनलाई नै एमालेले उम्मेदवार बनाएको छ। २०७९ कै मत परिणामलाई मान्दा पनि सकिबुलबो पक्षमा ६०० बढी मत हुन्छ। सो वडामा २ हजार २ सय मतदाता रहेका छन्। तत्कालिन वडाध्यक्षको मृत्युपछि माओवादीले उनकै श्रीमती आइती कुमारी यादवलाई उम्मेदवार बनाएको छ भने नेपाली कांग्रेसले पुरानै उम्मेदवार दोहोर्‍याएको छ। सोही वडा निवासी एमाले केन्द्रीय सदस्य तथा मधेश सरकारका भौतिक पूर्वाधारमन्त्री भएको र पालिकामा प्रमुख, उपप्रमुखसहित बहुमत एमालेकै भएकाले रामगोपालपुर २ मा विकासले फड्को मारेको देख्न सकिन्छ। गल्ली-गल्ली ढलान सडक, मुख्य सडक सम्सी गाउँपालिकादेखि जलेश्वर 'बर्दिवास जोड्ने मुख्य सडक कालोपत्रे भएको छ। प्रदेश र नगरपालिकाले सो वडामा मात्र १० भन्दा बढी सिंचाईका लागि बोरिङ्ग गरिएको बताइएको छ। मुख्यगरी तीन राष्ट्रिय पार्टीको भिडन्त हुने लख काटिएको भए पनि खास प्रतिस्पर्धा एमाले र माओवादीबीच हुने स्थानीय बताउँछन्। माओवादीले निवर्तमान वडाध्यक्ष मुकेशकै श्रीमतीलाई उम्मेदवार बनाएकाले भावनामा खेलेर सहानुभूति मतले जित्ने दाउ गरेको छ भने एमालेले विकासको काम देखाएर जित निकाल्ने सुर गरेको छ। अर्कोतिर माओवादीले समाजवाद निर्माणको आधार तयार गर्न भन्ने राष्ट्रिय नारालाईनै मुख्य नारा बनाएर भोट मागिरहेको छ भने एमालेले जालझेल र प्रपञ्चका विरुद्ध, सामाजिक सदभावका लागि भन्ने स्थानीय नारा बनाएर भोट मागिरहेको छ। परिणाम कस्को पोल्टामा जान्छ भन्ने थाहा पाउन मंसिर १५ कुर्नै पर्ने हुन्छ।


## साईबर अपराधबाट बचौं

ईन्टरनेट प्रयोग गर्दाः

- बलियो पासवर्ड राखौं र पासवर्डलाई समय-समयमा परिवर्तन गरौं,
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं,
- सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं, यस्ता कल पटक-पटक आए ब्लक गरौं,
- आफ्ना व्यक्तिगत विवरणहरू ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्ममिति आदि कसैलाई शेयर नगरौं, सुरक्षित राखौं,
- अनावश्यक सफ्टवेयरहरू ईन्स्टल नगरौं, गरेको भए हटाऔं,
- सामाजिक सञ्जाल, ईमेल वा अन्य कुनै वेव एप्लिकेसन प्रयोग गरिसकेपछि साइन आउट गरौं,
- डिजिटल डिभाईसहरू मर्मत गर्न दिदा सम्पूर्ण विवरणहरू हटाएर मात्र दिऔं,
- सामाजिक सञ्जालमा अनावश्यक फोटो तथा व्यक्तिगत विवरणहरू नराखौं,

**सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं।**

**बर्दिवास नगरपालिका, महोत्तरी**



## ग्याँसको चुहावटले हुने दुर्घटना बाट बचौं

खाना पकाउने ग्याँसको चुहावटबाट हुने दुर्घटनाबाट बच्नः

- सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं,
- भान्सामा सिलिन्डर प्रयोग गर्दा ठाडो पारेर मात्र प्रयोग गरौं,
- गुणस्तरयुक्त रेगुलेटर, पाईप र चुलो प्रयोग गरौं,
- समय-समयमा ग्याँसको पाइप, रेगुलेटर र चुलो फेरौं,
- ग्याँस सिलिण्डरको प्रयोग अवधी हेरेर मात्र खरिद गरौं,
- काम सकेपछि सधैं रेगुलेटर बन्द गरौं,
- भान्साकोठाको झ्याल ढोका सधैं खुला राखौं,
- सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

**महोत्तरी गाउँपालिका, महोत्तरी**



## बचत गरौं, उद्यमशील बनौं

बचत गरौं, सुनौलो भविष्यको आधार निर्माण गरौं

- आफ्नो आम्दानीको केही प्रतिशत रकम बचत गरौं,
- त्यस्तो बचत भविष्यमा आपतकालिन तथा ठूला खर्चहरु टार्न,
- व्यापार व्यवसाय प्रारम्भ गर्न,
- सन्ततिका लागी शिक्षा, स्वास्थ्यलगायतका काममा प्रयोग गर्न,
- स्वावलम्बी र आत्मनिर्भर बन्न मद्दत गर्छ ।

त्यसैले अनावश्यक खर्च नगरौं, बचत भएको रकमलाई उद्यमशीलतामा लगाऔं ।

**पीपरा गाउँपालिका, महोत्तरी**



## जलवायु परिवर्तनका असरबाट बचौं र बचाऔं

जलवायु परिवर्तनका असरलाई दृष्टिगत गरीः

- अनावश्यक उर्जाको खपत नगरौं,
- सुधारिएको चुल्हो, वायोग्याँस, सौर्य उर्जा जस्ता नविकरणीय उर्जा प्रयोग गरौं,
- सकेसम्म विधुतबाट चल्ने सवारी साधनको प्रयोग गरौं,
- वनजंगल संरक्षण र वृक्षारोपण गरौं,
- काम नलाग्ने सामानको पुनः प्रयोग, पुनः प्रशोधन गरौं,
- घरबाट निस्कने फोहोरलाई जथाभावी नफालौं,
- जैविक फोहोरलाई कम्पोष्ट मल बनाऔं,
- आफ्नो छरछिमेक र गाउँघरमा भएका परम्परागत ज्ञानलाई संरक्षण र प्रवर्द्धन गरौं ।

**जलेश्वर नगरापालिका, महोत्तरी**



## वायु प्रदुषणका असरहरू

वायु प्रदुषणले

- फोक्सोको क्यान्सर, ब्रोन्काईटिस, दमजस्ता श्वासप्रश्वाससम्बन्धी रोग लाग्न सक्छन्,
- यसले मुटु, रक्तसंचार प्रणाली र मस्तिष्कमा समेत गम्भीर असर पुऱ्याउन सक्छ,
- सुख्खा खोकी लाग्ने, घाँटी चिलाउने तथा आखाँमा असर देखा पर्न सक्छ,
- सहरी क्षेत्रमा यसको असर बढी हुन सक्छ,

त्यसैलेः

- वायु प्रदुषण न्यूनीकरणका लागि सवारीसाधनको समय-समयमा मर्मत गरौं,
- कच्ची सडकहरू कालोपत्रे गरौं,
- वृक्षरोपण गरौं,
- घर, सडक तथा सार्वजनिक स्थानको सरसफाई गरौं ।

वायु प्रदुषणको असरबाट बचौं ।

**भंगहा नगरापालिका, महोत्तरी**

# भंगाहा नगरपालिकामा विभिन्न पार्टी परित्याग गरी ठूलो संख्यामा नेता, कार्यकर्ता एमाले प्रवेश

**खबर दर्पण समाचारदाता**
**कार्तिक २७ गते, बर्दिवास**

महोत्तरीको भंगाहा नगर पालिकामा सोमबार लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा), नेकपा (एस), माओवादी र नेपाली कांग्रेस परि त्याग गरी ठूलो संख्यामा नेता, कार्यकर्ता एमाले प्रवेश गरेका छ ।

सोमबार भंगाहामा भएको पार्टी प्रवेश कार्यक्रममा २०० बढी विभिन्न् पार्टीका नेता, कार्यकर्ता एमाले प्रवेश गरेका हुन् । नवप्रवेशीलाई एमाले केन्द्रीय सदस्य तथा मधेश प्रदेश सर कारका भौतिक पूर्वाधारमन्त्री सरोज यादवले माला र गम्छा ओढाएर पार्टीमा स्वागत गरेका थिए । पार्टी प्रवेश गर्नेहरूमा सबैभन्दा बढी ९६ जना लोसपाका नेता, कार्यकर्ता छन् । जबकी सो नगरपालिकामा प्रमुख लोसपाका संजिव साह छन् । यसपछि माओवादीका छन् भने नेकपा एसकी नेता तथा पूर्व प्रदेश सांसद मञ्जु यादवका पिता पूर्व हरिहरपुर हरिनमरीका गाविस अध्यक्ष रमेश यादवको नेतृत्वमा २७ जना एमाले प्रवेश गरेका छन् ।

मन्त्री यादव प्रमुख अतिथि रहेको सो पार्टी प्रवेश कार्यक्रममा महोत्तरी १ का संघीय सांसद लक्ष्मी महतो कोइरी, सोही निर्वाचन क्षेत्र ( क) की सांसद शारदा देवी थापा जिल्ला तथा प्रदेशका एमाले नेताहरूले एमालेको नीति, विचार र कार्यक्रममाथि प्रकाश पार्दै नव प्रवेशीलाई स्वागत गरेका थिए । उनीहरूले समृद्ध नेपाल सुखी नेपाली को राष्ट्रिय आकांक्षा पुरा गर्न २०८४ मा हुने निर्वाचनमा एमालेको एकल बहुमत आउनै पर्ने बताएका थिए ।

एमाले अध्यक्ष केपी ओलीकै नेतृत्वको सरकारले मधेशको मेरुदण्डको रूपमा रहेको हुलाकी राजमार्ग निर्माणमा गति लिएको, मधेशको स्वास्थ्य, शिक्षा, कृषि, सडकमा इतिहासमै बढी बजेटर्ी नयोजन भएकाले मधेशलाई माया गर्ने पार्टी एमाले नै भएकाले पार्टी प्रवेश गरेको नव प्रवेशीले बताएका थिए ।



मधेशको अन्य जिल्लाको तुलनामा महोत्तरीमा एमाले प्रवेश गर्नेहरूको लर्को लागेको छ ।

महोत्तरी गृह जिल्ला भएका एमाले केन्द्रीय सदस्य तथा मधेश सरकारका भौतिक पूर्वाधार मन्त्री सरोज यादवलाई पार्टी प्रवेश गर्नेलाई स्वागत गर्न भ्याइनभ्याई हुने गरेको छ । उनी भन्छन् 'हरेक दिन पार्टी प्रवेश गर्छु भन्नेहरू आउँछन् । पार्टीमा आउँछु भन्नेलाई नआउ भन्न भएन । समय मिलाउन गाह्रो हुन्छ ।'

यसअघि मनराशिश्वा, औरही, जलेश्वरमा पनि सयौंको संख्यामा पार्टी प्रवेश गरेका थिए । एमाले पोलिब्युरो सदस्य रामदयाल मण्डल भन्छन् 'एमालेको नामै सुन्दा एलर्जी भएजस्तो गर्नेहरू पनि अहिले पार्टी त एमाले नै सही र नेता केपी ओलीनै वचनको पक्का रहेका छन् भन्दै एमाले प्रवेश गरिरहेका छन् ।'


**चाडपर्वलाई पारिवारिक भेटघाटको अवसरका रुपमा प्रयोग गरौं,**
**हाम्रा सांस्कृतिक पर्वहरुको जगेर्ना गरौं,**

**चाडपर्वमा अनावश्यक खर्च नगरौं,**
**मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं।**

**बलवा नगरापालिका, महोत्तरी**

**जुवातासले गर्छ सर्वनाश**

जुवातासको लतले,
- पारिवारिक कलह, झै-झगडा हुने गर्छ,
- सामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,
- सम्पत्तिको नाश र परिवारको बिचल्ली हुन सक्छ,
- सामाजिक र आर्थिक संकट उत्पन्न हुन्छ,
- पारिवारिक बिखण्डनको सम्भावना बढ्छ,
- सन्ततिहरू समेत कुलतमा फस्ने सम्भावना हुन्छ,
- सामाजिक प्रतिष्ठामा आँच आउछ,

त्यसैले सम्पत्ति हारजित हुने जुवालगायतका खेल नखेलौं, परिश्रममा विश्वास गरौं ।

**लोहापट्टी नगरापालिका, महोत्तरी**

**बालबालिकालाई निमोनियाबाट जोगाऔं**

निमोनियाबाट बालबालिकालाई बचाउन,
- नियमित रुपमा लगाईने खोपहरु लगाऔं ।
- आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।
- धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं ।
- सरसफाईमा उचित ध्यान दिऔं ।
- संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

**मटिहानी नगरापालिका, महोत्तरी**

**चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम गरौं**

- चाडपर्वमा अनावश्यक तडक-भडक नगरौं,
- जुवातास नखेलौं र मद्यपान नगरौं,
- धार्मिक, सांस्कृतिक मूल्य मान्यता र परम्परा जोगाऔं,
- चाडपर्वलाई सामाजिक सहिष्णुता र मेलमिलापको अवसरका रुपमा प्रयोग गरौं,
- आफ्नो जस्तै अरुको धार्मिक, सांस्कृतिक रीतिरिवाजको सम्मान गरौं,
- चाडपर्व एक आपसमा मिली हर्षोल्लासका साथ मनाऔं ।

**मनरा सिस्वा नगरापालिका, महोत्तरी**

**खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं**

असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघातजस्ता रोगहरु लाग्न सक्छन् ।
त्यसैले,
- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारिरीक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।

**औरही नगरापालिका, महोत्तरी**

**निमोनियाबाट बचौं र बचाऔं**

फोक्सोमा हुने निमोनिया संक्रमणका लक्षणहरु:
- ज्वरो आउने, खोकी लाग्ने,
- स्वासप्रश्वासको गति बढ्ने, स्वास फेर्न गाह्रो हुने,
- स-साना बालबालिकालाई आमाको दुध चुस्न गाह्रो हुने,
- शरिर निलो हुने,

यसबाट बढिमात्रामा बालबालिका प्रभावित हुने हुँदा,
त्यस्ता लक्षण देखिएमा तुरून्त अस्पताल वा चिकित्सकसँग परामर्श गरौं ।

**रामगोपालपुर नगरापालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,